# राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन कार्यविधि, २०८२

बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

२०८२

## राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन कार्यविधि, २०८२

**प्रस्तावनाः** राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीमा आधारित भई नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना र सो अन्तर्गतको पूर्व सिकाइ मान्यतामा आधारित सीप परीक्षण कार्यक्रम सञ्चालनका लागि स्रोत परिचालनलाई पारदर्शी, व्यवस्थित र नतिजामूलक बनाउन वाञ्छनीय भएकोले प्रदेश विनियोजन ऐन,२०८२ को दफा ११ को उपदफा २ ले प्रदान गरेको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद - १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**(१) : यस कार्यविधिको नाम "राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन कार्यविधि, २०८२"रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्दछ।

ख) "प्रदेश परिषद्" भन्नाले प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवम तालिम परिषद्लाई सम्झनु पर्छ

ग) "परिषद्" प्राविधिक शिक्षा एवम् व्यवसायिक तालिम परिषद्लाई सम्झनु पर्छ

घ) "आजीवन सिकाइ" भन्नाले रोजगारीको सिलसिलामा प्रत्यक्ष वा परोक्ष रुपमा जीवनभर आर्जन गरिएको ज्ञान र सीपलाई (Lifelong learning) सम्झनु पर्दछ।

ङ) "दक्षता" भन्नाले कार्यस्थलमा आवश्यक पर्ने सबै निर्धारित ज्ञान, सीप, क्षमता, धारणाहरुको लगातार प्रयोग गरी कुनै पनि विशेष काम वा कर्तव्य पूरा गर्ने क्षमता (Competency) लाई सम्झनु पर्दछ।

च) "दक्षतामा आधारित मूल्याङ्कन" भन्नाले कुनै पनि व्यक्तिको प्रतिस्पर्धात्मक दक्षता वा क्षमताको निर्धारण गर्न प्रमाणहरुको संकलन र न्यायिक परीक्षण गर्ने विधि (Competency Based-Assessment) लाई सम्झनु पर्दछ ।

छ) "परियोजना" भन्नाले नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना सम्झनु पर्दछ।

ज) "समिति" भन्नाले दफा ४ को उदफदा १ बमोजिमको परियोजना कार्यान्वयन तथा समन्वय समितिलाई सम्झनु पर्दछ।

झ) "पूर्व सिकाइ मान्यता" भन्नाले कुनै पनि व्यक्तिले जीवनको पूर्वार्द्धमा अनौपचारिक सिकाइ विधिबाट आर्जन गरेको योग्यता (ज्ञान, सीप र धारणा) प्रयोग हुने स्तर र क्रेडिटको मूल्याङ्कन भन्ने सम्झनु पर्दछ ।

ञ) "इकाइ" भन्नाले दफा ५ बमोजिमको इकाइलाई सम्झनु पर्दछ ।

ट) "सहयोग इकाइ" भन्नाले दफा ६ बमोजिमको सहयोग इकाइलाई सम्झनु पर्दछ ।

ठ) "मूल्याङ्कनकर्ता" भन्नाले मूल्याङ्कन गर्ने व्यक्ति (Assessor) सम्झनु पर्दछ।

ड) "राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली" भन्नाले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्रको सुधारका लागि आवश्यक पर्ने प्रमुख प्रणाली (National Vocational Qualification System – NVQS) सम्झनु पर्दछ।

ढ) "राष्ट्रिय सीप परीक्षण समिति" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् नियमावली, २०५१ को दफा ८ बमोजिम गठित समिति सम्झनु पर्दछ।

ण) "लाभग्राही" भन्नाले प्रणाली मार्फत प्रत्यक्ष वा परोक्ष रुपमा फाइदा पाउने व्यक्ति वा संस्था सम्झनु पर्दछ।

त) "वार्षिक कार्यक्रम कार्ययोजना" भन्नाले वार्षिक रुपमा गरिने सम्पुर्ण क्रियाकलापहरुको योजना तथा बजेट उल्लेख गरिएको विस्तृत विवरण भएको दस्तावेज (Yearly Plan of Operations) लाई सम्झनु पर्दछ।

थ) "सरोकारवाला" भन्नाले प्रणाली कार्यान्वयनसँग प्रत्यक्ष सम्बन्धित व्यक्ति, पदाधिकारी, निजी क्षेत्र र संस्था समेतलाई सम्झनु पर्दछ।

द) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिकालाई सम्झनु पर्दछ।

## परिच्छेद -२

## उद्देश्य र संस्थागत संरचनाको व्यवस्था

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः-

क) राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन गर्न सहयोग गर्नु,

ख) प्रदेश तथा स्थानीय तहमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको संस्थागत विकास गर्नु ,

ग) सरोकारवालाको क्षमता अभिवृद्धिमा सहजीकरण गर्नु,

घ) सीप परीक्षण तथा प्रमाणीकरणलाई व्यवस्थित तथा प्रभावकारी कार्यान्वयन गर्नु ।

४. <u>परियोजना</u> कार्यान्वयन तथा समन्वय समिति (१) मन्त्रालयबाट सञ्चालन हुने समग्र परियोजना कार्यान्वयनको लागि आवश्यक नीति तर्जुमा, समन्वय एवं मार्गदर्शन गर्न नेपाल सरकार र स्वीस सरकारबीच भएको दुई पक्षीय सम्झौता र नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना दोस्रो चरणको आयोजना दस्तावेज अनुसार "परियोजना कार्यान्वयन तथा समन्वय समिति (Project Implementation Coordination Committee) देहाय बमोजिमको रहनेछ:-

क) सचिव, मन्त्रालय - अध्यक्ष

ख) निर्देशक, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, प्रदेश कार्यालय -सदस्य

ग) प्रमुख कार्यकारी निर्देशक, प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् - सदस्य

घ) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

ङ) अधिकृत प्रतिनिधि, उद्योग क्षेत्र हेर्ने मन्त्रालय - सदस्य

च) अधिकृत प्रतिनिधि, श्रम, रोजगार तथा यातायात मन्त्रालय -सदस्य

छ) प्रतिनिधि, प्रदेश उद्योग वाणिज्य महासंघ - सदस्य

ज) प्रतिनिधि, प्रदेश उद्योग परिसंघ/बागमती प्रदेश उद्योग परिसंघ -सदस्य

झ) योजना तथा शिक्षा विकास महाशाखा प्रमुख मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा प्रदेश प्रबन्धक, व्यावसायिक योग्यता प्रणाली परियोजना आमन्त्रण गरिनेछ। यसैगरी आवश्यकतानुसार अन्य विज्ञलाई आमन्त्रित गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) प्रणाली/परियोजना कार्यान्वयनका लागि नीतिगत मार्ग दर्शन गर्ने,

(ख) परियोजना सञ्चालनको लागि प्रदेश परियोजना समन्वय इकाइले तयार गरेको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृतिको लागि सिफारिस गर्ने ,

(ग) प्रणाली/परियोजना सञ्चालनको लागि संघीय र प्रदेश अन्तर मन्त्रालय समन्वय गर्ने,

(घ) राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यान्वयनका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारसँग समन्वय र सहकार्यका लागि पहल गर्ने,

(ङ) राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यान्वयनका लागि संस्थागत संरचनाको स्थापना विकास र सवलीकरण गर्ने

(च) परियोजना अन्तर्गत सञ्चालित कार्यक्रमको अनुगमन गरी पृष्ठपोषण र निर्देशन दिने,

(छ) प्रदेश परियोजना समन्वय इकाइलाई निर्देशन दिने,

मा. कान्चन चन्द्र बादे
मन्त्री

(ज) सीप मूल्याङ्कन प्रमाणीकरण कार्यका लागि अनुगमनका विधि तथा कार्यविधिहरुको अध्यावधिक गर्ने,

(झ) कार्यक्रम कार्यान्वयमा प्रदेश परियोजना सहयोग इकाइको प्राविधिक सहयोग लिने र प्राविधिक सहयोगबाट सम्पादित कार्यको नियमित रुपमा प्रतिवेदन लिने र पृष्ठपोषण प्रदान गर्ने,

(४) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ।

(५) समितिले वैठक सञ्चालन सम्बन्धी कार्यविधि आफै बनाउने छ।

५. **प्रदेश परियोजना समन्वय इकाईः** (१) मन्त्रालयबाट सञ्चालन हुने नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना र व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन गर्न लागि आवश्यक समन्वय र अनुगमन गर्न मन्त्रालयमा प्रदेश परियोजना समन्वय इकाइ (Provincial Project Coordination Unit) देहाय बमोजिमको रहनेछः-

(क) योजना तथा शिक्षा विकास महाशाखा प्रमुख, मन्त्रालय -संयोजक

(ख) कार्यालय प्रमुख, प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम तालिम परिषद् - सदस्य

(ग) प्रतिनिधि, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, बागमती प्रदेश- सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख, मन्त्रालय -सदस्य

(ङ) प्राविधिक शिक्षा हेर्ने अधिकृत, मन्त्रालय - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको इकाइको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने,

(ख) वार्षिक प्रगति प्रतिवेदन परियोजना कार्यान्वयन तथा समन्वय समिति र नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना सहयोग इकाइमार्फत संघीय परियोजना समन्वय इकाइमा पठाउने,

(ग) सरोकारवालाहरुको क्षमता अभिवृद्धिका लागि यस कार्यविधिको दफा १२ बमोजिम कार्यान्वयन गर्ने,

(घ) पूर्व सिकाइ मान्यतामा आधारित र तालिम लिइएका व्यक्तिहरुको लागि सीप परीक्षणका लागि समन्वय र सहजीरकण गर्ने

(ङ) सीप परीक्षण केन्द्रको अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(च) सीप प्रमाणीकरण, मूल्याङ्कन तथा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीका कार्यहरुका लागि डाटाबेस निर्माण तथा, तथ्याङ्क अद्यावधिक गर्ने,

(छ) नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना सम्बन्धी कार्यशाला, बैठक संचालन गर्ने,

(ज) राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली सम्बन्धी सचेतनाका लागि सूचना प्रसार गर्न स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गर्ने,

(झ) मन्त्रालय र परियोजना कार्यान्वयन तथा समन्वय समितिको नीति निर्देशनमा रही स्वीकृत कार्यक्रमहरुको कार्यान्वयन गर्ने,

(ञ) परियोजनाको वित्तीय तथा प्रशासनिक व्यवस्थापनको जिम्मेवारी बहन गर्ने,

(ट) विभिन्न सरोकारवाला निकाय, संघसंस्थाहरुसँग समन्वय गर्ने,

(ठ) स्थानीय तहमा प्रणाली कार्यान्वयन तथा सस्थागत विकासको लागि पहल गर्ने गराउने।

(ड) सीप प्रामाणिकृत युवाहरुको रोजगार बजारमा मर्यादित रोजगारीको लागि रोजगारदाता तथा सम्बन्धित निकायहरुसँग पहल गर्ने ।

(ढ) सीप मूल्याकङ्नकर्ता छनोट तथा सिफारिस सम्बन्धी कार्य गर्ने

(ण) प्रदेश परियोजना सहयोग इकाइलाई आवश्यक निर्देशन दिने

(त) कार्यक्रम कार्यान्वियनको अनुगमन तथा सहजीकरण गर्ने

(३) उपदफा (१) बमोजिमको इकाइको बैठक कम्तीमा महिनामा एकपटक र आवश्यकता अनुसार सोभन्दा बढी पनि बस्न सक्नेछ।

६. <u>प्रदेश परियोजना सहयोग इकाइः</u> (१) मन्त्रालयबाट सञ्चालन हुने नेपाल व्यावसायिक योग्यता परियोजना तथा मन्त्रालयबाट यस सम्बन्धमा हुने कार्यक्रमहरुलाई कार्यान्वयन गर्न प्राविधिक सहयोगका लागि देहाय अनुसार प्रदेश परियोजना सहयोग इकाइ (Provincial Project Support Unit) रहनेछः

क) प्रदेश प्रबन्धक - संयोजक

ख) वरिष्ठ अनुगमन अधिकृत - सदस्य

ग) प्रशासन तथा प्रबन्ध अधिकृत - सदस्य

(२) उपदफा (१) बमोजिमको इकाइको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वार्षिक कार्यक्रम तथा बजेट तयार गरी प्रदेश परियोजना समन्वय इकाइमा पेश गर्ने,

(ख) परियोजना कार्यान्वयन तथा समन्वय समितिबाट स्वीकृत भएको वार्षिक कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने ,

(ग) वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रदेश परियोजना समन्वय इकाइ समक्ष पेश गर्ने ,

(घ) सरोकारवालाहरुको क्षमता अभिवृद्धिका लागि कार्यविधिको दफा १२ बमोजिम कार्यान्वयन गर्न सहयोग गर्ने,

(ङ) सीप मूल्याङ्कन/प्रमाणीकरण कार्यको लागि अनुगमनका विधि तथा उपकरणहरुको अद्यावधिक गर्न सहयोग गर्ने ,

(च) सीप परीक्षण केन्द्रको अनुगमन तथा सुपरीवेक्षण गर्न सहयोग गर्ने ,

(छ) सीप प्रमाणीकरण, मूल्याङ्कन तथा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीसम्बन्धी कार्यहरुका लागि डाटाबेस निर्माण, तथ्याङ्क अध्यावधिक गर्न सहयोग गर्ने ,

(ज) राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यान्वयनका क्रममा सीप प्रमाणीकरण सम्बन्धी कार्यहरुको लागि विज्ञ जनशक्तिको व्यवस्थापन गर्न कार्यविधिको दफा ११ बमोजिम कार्यान्वयनका लागि सहयोग गर्ने,

(झ) नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनासम्बन्धी कार्यशाला, बैठक सञ्चालन गर्नका लागि सहयोग सामाग्री विकास र वितरण लगायतका कार्यमा सहयोग गर्ने,

(ञ) राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीसम्बन्धी सचेतना सामाग्री विकास र वितरण लगायतका कार्यमा सहयोग गर्ने,

(ट) परियोजना कार्यान्वयका लागि स्थानीय सरकारसँग समन्वय तथा सहकार्यका लागि सहयोग गर्ने,

(ठ) संघीय सहयोग इकाइबाट सञ्चालन गरिने विभिन्न कार्यक्रमहरुमा समन्वयकारी भूमिका निर्वाह गर्ने।

(३) उपदफा (१) बमोजिमको इकाइको सम्पूर्ण व्यवस्थापन संघीय परियोजना सहयोग इकाइले गर्नेछ।

## परिच्छेद - ३

## कार्यक्रम तथा वित्तीय व्यवस्थापन

७. **कार्यक्रम तथा बजेटः** (१) राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनका लागि स्वीकृत कार्यक्रम तथा बजेट बमोजिम वार्षिक कार्यक्रम तथा बजेट तयार गरिनेछ ।

(२) कार्यक्रम कार्यान्वयन समितिले तयार गरेको कार्यक्रम तथा बजेट निर्देशक समितिमा पेश गर्नेछ।

(३) प्रस्तावित कार्यक्रम तथा बजेट स्वीकृतका लागि संघीय निकायमा पठाइनेछ।

(४) समितिका पदाधिकारीहरुको बैठक भत्ता, दैनिक भ्रमण भत्ता नेपाल सरकार/प्रदेश सरकारको नर्म्स अनुसार खर्च गर्नु पर्नेछ।

८. **कोष प्रवाह तथा वित्तीय प्रबन्ध:** (१) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत भएपछि प्रदेश परियोजना समन्वय इकाइले प्रणाली/परियोजनाको क्रियाकलाप कार्यान्वयन गर्न मन्त्रालयमा प्राप्त अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट रकम भुक्तानी हुनेछ।

(२) कार्यक्रम कार्यान्वयन समितिले कार्यक्रम तथा बजेट सम्बन्धी सम्पूर्ण क्रियाकलापहरुको कार्यान्वयन तथा समन्वय गर्नेछ।

(३) प्रणाली/परियोजनाको खर्चको लेखाङ्कन, लेखापरीक्षण तथा प्रतिवेदन प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद - ४

## संस्थागत विकास

९. **राष्ट्रिय व्यवसायिक योग्यता प्रणालीको संस्थागत विकास:** प्रदेश तथा स्थानीय तहमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको संस्थागत विकासको लागि मन्त्रालय मातहतमा देहायका कामहरु गरिनेछ,-

क) प्रदेशभित्र औद्योगिक क्षेत्रको श्रमिकको माग र आपूर्तिको आँकलन गरी तथ्याङ्क संकलन तथा डाटावेस तयार तथा अद्यावधिक गर्ने,

ख) प्रदेशभित्र औद्योगिक क्षेत्रको श्रमिकको माग र आपूर्तिको अवस्था सन्तुलन गर्न आवश्यकता अनुसार क्षेत्रगत सीप समिति (Sector Skills Committee) लाई सुझाव दिने,

ग) प्रदेशभित्र औद्योगिक क्षेत्रको श्रमिकको माग र आपूर्तिको अवस्था सन्तुलन गर्न औद्योगिक क्षेत्रका प्रतिनिधिहरुसँग नियमित छलफल, अन्तर्क्रिया गरी आवश्यकतानुसार सम्बन्धित निकायमा समन्वय गर्ने,

घ) प्रदेशभित्र श्रम बजारको अन्तर (Labor Market Gap) पहिचान गरी समुदायगत विशिष्ट परम्परागत पेशाको पहिचान र स्तरीकृत गरी राष्ट्रिय दक्षता मापदण्ड (National Competency Standard) बनाउन संघीय निकायसँग समन्वय तथा सहजीकरण गर्ने,

ङ) प्रदेशदेखि स्थानीय तहसम्म राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीलाई लागू गर्न समन्वय र सहकार्य गर्ने ,

च) नेपालमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको संस्थागत विकासको लागि संघीय इकाइ/निकायहरुलाई पृष्ठपोषण दिने।

१०. **स्थानीय तह प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम समन्वय समिति (Local Level TVET Coordination Committee):** (१) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमहरु योजनावद्ध र सुव्यवस्थितरुपमा कार्यान्वयनका लागि समन्वयकारी भुमिका निर्वाह गर्न तपसिल

बमोजिम स्थानीय तह प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम समन्वय समिति (Local Level TVET Coordination Committee) रहनेछ,-

(क) प्रमुख/अध्यक्ष वा उप-प्रमुख/उपाध्यक्ष स्थानीय तह -संयोजक

(ख) सामाजिक विकास समितिको संयोजक - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) संयोजकले तोकेको सम्बन्धित स्थानीय तहमा संचालित प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम संचालन गर्ने शिक्षालयका प्रमुख - सदस्य

(ङ) रोजगार संयोजक - सदस्य

(च) रोजगारदाता संस्थाहरुमध्येबाट संयोजकले तोकेको एकजना - सदस्य

(छ) प्रमुख, शिक्षा महाशाखा /शाखा - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ: -

क) स्थानीय तहमा संचालन गर्ने प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको लागि वार्षिक कार्यक्रम तथा बजेट तयार गरी कार्यान्वयन गर्ने

ख) स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम कार्यक्रमको अभिलेखीकरणका लागि डाटाबेस निर्माण तथा, तथ्याङ्क अद्यावधिक गर्ने,

ग) स्थानीय तहभित्रका प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम कार्यान्वयन गर्न समन्वय र सहजीकरण गर्ने,

घ) प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम कार्यक्रम र राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यान्वयन गर्ने,

ङ) सीप मूल्याङ्कन केन्द्र स्थापना गरिसकेका स्थानीय तहसँग समन्वय गरी सीप मूल्याङ्कनको लागि आवश्यक सहजीकरण गर्ने,

च) स्थानीय तहभित्रका उद्योग, व्यवसाय र संघ संस्थामा आवश्यक पर्ने दक्ष जनशक्ति र पेशाको पहिचान तथा अभिलेखीकरण गर्ने,

छ) स्थानीय तहमा आवश्यक रोजगारमुलक पेशा व्यवसायको पहिचान गर्ने,

ज) स्थानीय श्रम बजारलाई आवश्यक सीप युक्त जनशक्तिको वर्तमान अवस्था तथा आवश्यक जनशक्तिको तथ्यांक अध्यावधिक गर्ने,

झ) स्थानीय तहमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीमा आधारित सीप मूल्याङ्कन सञ्चालन गर्न पूर्वाधारको विकास गर्ने गराउने,

ञ) प्रदेश परियोजना समन्वय समितिसँग समन्वय गर्ने,

ट) सीप परीक्षण प्रमाण-पत्र प्राप्त युवाहरुको रोजगारीको लागि स्थनीय तहमा नीतिगत व्यवस्थापन गरी सम्बन्धित निकायहरुसँग मर्यादित रोजगारीको लागि पहल गर्ने

ठ) औद्योगिक प्रशिक्षणलाई प्रोत्साहन तथा कार्यान्वयन गर्ने

ड) शिक्षण संस्थाहरुको गुणस्तर सुधारको लागि आवश्यक सहयोग प्रदान गर्ने

ढ) शिक्षण संस्थाहरुको स्तर निर्धारणको लागि आवश्यक समन्वय तथा सहजीकरण गर्ने

## परिच्छेद-५

## निजी प्रमाणीकृत सीप परीक्षण केन्द्र सबलीकरण समिति

११. निजी प्रमाणीकृत सीप परीक्षण केन्द्र सबलीकरण समिति (१) प्रदेशको सिफारिस र संघीय परियोजना सहयोग इकाइ, नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना दोश्रो चरणको सहयोगलाई दृष्टिगत गरि सार्वजनिक सेवा प्रदायक प्रमाणीकृत सीप मूल्यांकन केन्द्रहरुको सबलीकरणका लागि प्रस्ताव र सिफारिसको मूल्यांकन गर्न प्रदेशमा एक समिति रहनेछ। उक्त समितिमा देहाय बमोजिमको पदाधिकारीहरु रहनेछन् :-

(क) योजना तथा शिक्षा विकास महाशाखा प्रमुख, मन्त्रालय - संयोजक

(ख) CTEVT बागमती प्रदेश कार्यालय, राष्ट्रिय सीप परीक्षण समिति फोकल पर्सन - सदस्य

(ग) प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्को एकजना अधिकृत- सदस्य

(घ) निजी क्षेत्रको संगठनबाट एक जना प्रतिनिधि - सदस्य

(ङ) प्रदेश प्रबन्धक, NVQS परियोजना - सदस्य

(च) प्राविधिक तथा व्यवसायिक शिक्षा शाखा प्रमुख,मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) प्रमाणीकृत सीप परीक्षण केन्द्रहरुको सबलीकरण सम्बन्धी छनोट मापदण्ड तयार गर्ने

(ख) प्रस्ताव पत्रको ढाँचा तयार गरी प्रस्ताव आव्हान गर्ने

(ग) प्राप्त प्रस्तावको मूल्याङ्कन, छनोट एवम् सिफारिस लगायतको कार्य गर्ने

(घ) प्रमाणिकृत सीप परीक्षण केन्द्रहरुलाई आवश्यक सहजीकरण र अनुगमन गर्ने

(३) नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनाको भूमिका र जिम्मेवारी :-

क. छनोट मापदण्ड र सिफारिस गरिएको सहयोगको अन्तिम स्वीकृतिको लागि प्राविधिक सहयोग प्रदान गर्ने।

ख. प्रमाणीकृत सीप परीक्षण केन्द्रहरूलाई सुदृढीकरणका लागि अनुगमन र आवश्यक सहजीकरण कार्य गर्ने।

## परिच्छेद-५

## प्रणाली/परियोजना कार्यान्वयन, सीप मूल्याङ्कन/प्रमाणीकरणको अनुगमन

१२. **प्रणाली/परियोजना कार्यान्वयनः** (१) प्रणाली/परियोजना कार्यान्वयनका लागि नतिजामा आधारित बनाउन परियोजना कार्यान्वयन समितिले वा मन्त्रालयको महाशाखाबाट सरोकारवालाहरुसँग छलफल, अन्तर्क्रिया गरी प्राप्त सुझावहरु समेतका आधारमा वार्षिक कार्यक्रम मार्गनिर्देशन तयार गरी निर्देशक समितिमा पेश गर्नेछ।

(२) प्रणाली/परियोजना कार्यान्वयन तथा समन्वय समितिले वार्षिक कार्यक्रम मार्गनिर्देशन स्वीकृत गरी प्रदेश परियोजना समन्वय इकाइ मार्फत कार्यान्वयन गर्ने, गराउनेछ।

१३. **अनुगमन तथा मूल्याङ्कनः** (१) महाशाखाबाट सीप परीक्षण कार्यक्रमलाई थप गुणस्तरीय र प्रभावकारी बनाउन वार्षिक अनुगमन कार्ययोजना तयार गरी निरीक्षण तथा अनुगमन गरिने व्यवस्था गरिनेछ।

(२) सीप परीक्षण केन्द्रको गुणस्तर सुनिश्चितता लागि अनुगमन तथा सुपरिवेक्षण गर्नेछ।

(३) अनुगमन प्रतिवेदनका आधारमा सीप परीक्षण केन्द्रको नवीकरण गर्न सम्बन्धित निकायलाई सिफारिस गर्नेछ।

(४) अनुगमनका क्रममा दिइएको सुझावहरुलाई कार्यान्वयन नगरी न्युनतम मापदण्ड पुरा नगरेका सीप परीक्षण केन्द्रलाई खारेजीको लागि सम्बन्धित निकायमा सिफारिस गर्नेछ।

१४. **प्रतिवेदनः** (१) कार्यक्रम कार्ययोजना अनुसार सम्पादन गरेका कार्यहरुको प्रगति प्रतिवेदन तयार गरी परियोजना निर्देशक समिति, मन्त्रालय र संघीय सरकारमा पठाउने व्यवस्था गरिनेछ । वार्षिक प्रगति विवरण समिक्षा गरिने व्यवस्था हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रत्येक कार्यक्रमको छुट्टाछुट्टै प्रतिवेदन तयार गरी अभिलेखीकरण गर्नु पर्नेछ।

मा.कन्चन चन्द्र बढे
मन्त्री

## परिच्छेद - ७

## विविध

१५. **लेखा तथा लेखापरीक्षण:** यस परियोजनाको लेखा नेपाल सरकारको लेखा प्रणाली अनुसार राख्नु पर्नेछ र लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नुपर्नेछ।

१६. **बाधा अड्चन फुकाउ:** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा वा समस्या आइपरेमा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

१७. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयहरुमा प्रचलित कानून बमोजिम हुनेछ।

१८. **कार्यविधि संशोधन तथा परिमार्जन:-** यस कार्यविधिमा संशोधन गर्नु परेमा आर्थिक दायित्व पर्ने विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई र अन्य विषयमा मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।